# ५ येशू ख्रीष्ट सब्बथको प्रभु

*__यस अध्यायका मूल पदहरू:__* मर्कूस १:२१, मर्कूस ६:२, लूका ४:१७-१९, ३१-३७, २ कोरन्थी ५:१७, लूका ६:१-११, लूका १३:१०-१६।

*__स्मरण गर्नु पर्ने पद:__* "सब्बथ दिन त मानिसको निम्ति पो सृजना गरिएको हो। सब्बथ दिनको निम्ति मानिसलाई सृष्टि गरिएको होइन। त्यसकारण मानिसको पुत्र सब्बथ दिनको प्रभु वा स्वामी हो।" (मर्कूस २:२७, २८ रूपान्तरित)।

प्रायजसो यहूदी तथा यहूदी धर्मको दायराभन्दा बाहिर रहेका अरू धर्म तथा जातिहरूको निम्ति लूकाले आफ्नो सुसमाचारको पुस्तक लेखेका थिए। यद्यपि, उनले सब्बथको बारेमा अत्यधिक मात्रामा चर्चा गरेकोमा त्यस विषय कतिको महत्त्वपूर्ण र गम्भिर रहेछ भनेर थाहा पाउनु जरुरी ठान्नुपर्छ। सुसमाचारका पुस्तकहरू र प्रेरितको पुस्तकले सब्बथको बारेमा ५४ पल्ट उल्लेख गरिएको छ। लूकाले मात्र सब्बथको बारेमा १५ पल्ट आफ्नो सुसमाचारको पुस्तकमा चर्चा गरिएका थिए भने प्रेरितको पुस्तकमा ९ पल्ट चर्चा गरिएको पाउँछौं। मत्तीले आफ्नो सुसमाचारको पुस्तकमा ९ पल्ट उल्लेख गरेका थिए भने मर्कूसले १० पल्ट र यूहन्नाले ९ पल्ट। आफू पनि गैर-यहूदी अर्थात् अन्य जातिभएर येशूलाई विश्वास गरेको हैशियतले सब्बथको गरिमालाई दुवै यहूदी र अन्य जातिहरूले विश्वास गर्नुपर्छ भन्ने जिकिर उनले प्रस्तुत गरेको पाउँछौं। येशू ख्रीष्ट मानव रूप लिएर पहिलो पल्ट आउनुभएतापनि सब्बथको गरिमा वा सम्मानलाई सुसमाचारका पुस्तकहरू, प्रेरितको पुस्तक र अन्य नयाँ करारका पुस्तकहरूले उहाँले निलम्बन नगरेको पाउँछौं।

"सब्बथको गरिमालाई आफ्नो सेवाकार्यभरि येशूले सम्मान गर्नुभएको थियो। आफूले नै दिनुभएको सब्बथलाई गहिरो तथा

गम्भिरसाथ श्रद्धा देखाउनुभएको येशूका शिक्षाहरूमा देखाइएको छ। ख्रीष्टको समयमा सब्बथ दिनलाई यस्तरी बाँगो पारेको थियो कि त्यस दिनले परमेश्वरको चरित्रलाई उघार्नुको सट्टा धर्मलाई काँधमा बोकेर मानिसहरूले आफ्नो स्वार्थि चरित्रलाई प्रस्तुत गरेका थिए। येशूलाई नकावधारी अगमवक्ता भनेर प्रमाणित गर्न खोजेका यहूदी धार्मिक पण्डित तथा अगुवाहरूलाई तिनीहरूले सिकाएका सब्बथको बारेमा गलत धारणालाई सच्च्याउन उहाँले प्रयास गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किंगस्, पृ. १८३बाट रूपान्तरित।

प्रभु येशू ख्रीष्ट सब्बथको सही प्रभु वा स्वामी हुनुहुन्छ भनेर यस अध्यायमा हामी नियाल्नेछौँः उहाँले कसरी पालन गर्नुभयो र सब्बथको बारेमा उहाँले हाम्रो निम्ति कस्तो अनुकरणीय उदाहरण प्रस्तुत गर्नुभयो।

इसाई तथा क्रिश्चियन जगतमा हप्ताको सातौं दिन सब्बथको सट्टा हप्ताको पहिलो दिन आइतवारलाई पालन गर्नुपर्छ भनी फैलिएको शिक्षालाई न त येशू ख्रीष्टले न त नयाँ करारको कुनै पनि पुस्तकले अनुमोदन गरेको पाइन्छ।

## १ सब्बथमा यहूदी आराधना स्थल सिनिगगमा जाने येशूको आदत थियो (लूका ४:१६-३०, यशैया ६१:१,२)

“आफ्नो आदत तथा चलन अनुसार येशू सब्बथ दिनमा सिनिगग अर्थात् यहूदी आराधनास्थलमा जानुभयो" (लूका ४:१६ रूपान्तरित)। सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति यो आदर्श पद हो। हामीहरूको प्रचारप्रचार कार्यक्रमहरूमा वा बाइबल अध्ययन क्रममा येशूले सब्बथ पालन गर्नुभएको थियो भनेर प्रमाणित गर्न उपरोक्त पद हामी प्रयोग गर्दछौं।

यहूदी धार्मिक परम्पराको जीवनमा सिनिगग अर्थात् यहूदी धार्मिक आराधना स्थलले महत्त्वपूर्ण भूमिका खेलेको छ। जब यहूदीहरू बेबिलोन अर्थात् आधुनिक इराकमा दासत्वको जीवन बिताएका थिए र यरुशलेममा रहेको तिनीहरूको पवित्र मन्दिरलाई भत्काइदिएको परिवेशमा सिनिगग तिनीहरूको निम्ति महत्त्वपूर्ण आराधना स्थल बन्न पुगेको थियो। आराधना स्थलमात्र नभएर त्यो भवन बालबालिकाहरूलाई

शिक्षादीक्षा दिने स्थल पनि भएको थियो। जहाँ जहाँ कमसेकम दस जना यहूदी परिवारहरू बसोबास गरेका छन् भने सिनिगग भवनको निर्माण गर्न सकिन्थ्यो। नाजरथमा हुर्कनुभएको येशूले पनि प्रत्येक सब्बथ सिनिगगमा जाने आदत बसाल्नुभएको थियो। उहाँले यहूदीहरूको सब्बथ दिनमा आराधना गर्न सिनिगकमा जाने चलनलाई नियमित रूपमा पालन गर्नुभएको थियो। अब उहाँले यताउती आफ्नो यात्रापछि पहिलो पल्ट आफ्नो गाउँघर नाजरथमा जानुहुँदा आफूलाई सिनिगगमा सरिक गराउनु हुन्थ्यो।

सुसमाचारको पुस्तकहरूमा येशूले सब्बथ दिनमा के गर्नुभयो भनेर देहायका पदहरूले जनाउँछन्। ती पदहरू पढेर येशूले त्यस दिनको गरिमालाई हटाउनुभएको वा अर्कै दिनलाई अनुमोदन वा देखाउनुभएको थियो भन्ने प्रमाण केही छ त भनेर सोच्नुहोस्? हेर्नुहोस् मर्कूस १:२१ " तब उहाँहरू कफर्नहुममा जानुभयो, र तुरुन्तै शबाथ-दिनमा सभाघरमा पसी उहाँले शिक्षा दिन लाग्नुभयो।", मर्कूस ६:१,२ "त्यहाँबाट निस्केर उहाँ आफ्नै नगरमा फर्कनुभयो। उहाँका चेलाहरू उहाँको पछि लागे। २ शबाथ-दिनमा उहाँले सभाघरमा शिक्षा दिन लाग्नुभयो। धेरै जना सुन्नेहरूले छक्क परेर भने, "यस मानिसले यी सब कहाँबाट पायो? यिनलाई दिइएको यो ज्ञान कस्तो हो? यिनका हातबाट भएका कार्यहरू कति शक्तिशाली?", लूका ४:१६-३० "उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः १८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ

बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पर्‍यो। २१
तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन
तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।" २२ सबैले उहाँको सराहना
गरे, र उहाँको मुखबाट निस्केका कृपापूर्ण वचनमा छक्क परे, र
तिनीहरूले भने, "यिनी योसेफका छोरा होइनन् र?" २३ उहाँले
तिनीहरूलाई भन्नुभयो, "निःसन्देह, तिमीहरूले मलाई यो उखान भन्नेछौ,
'ए वैद्य, आफैलाई निको पार। कफर्नहुममा तिमीले जे जति गर्‍यौ भनी
हामीले सुनेका थियौं, ती यहाँ आफ्नो सहरमा पनि गर'।" २४ अनि
उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, कुनै पनि
अगमवक्तालाई उनको आफ्नो देशमा स्वागत हुँदैन। २५ तर वास्तवमा
म तिमीहरूलाई भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै विधवाहरू
थिए, त्यस बेला जब साढ़े तीन वर्ष वृष्टि रोकियो, यहाँसम्म कि सारा
देशमा ठूलो अनिकाल परेको थियो। २६ तर एलिया सीदोन देशको
सारपतमा भएकी एउटी विधवाकहाँ मात्र पठाइए, अरू कसैकहाँ
पठाइएनन्। २७ एलीशा अगमवक्ताको बेलामा इस्राएलमा धेरै
कुष्ठरोगीहरू भए तापनि सिरियाली नामान मात्र निको पारिए, अरू कोही
निको पारिएनन्।" २८ यी कुरा सुनेर सभाघरमा भएका सबै जना
रीसले चूर भए। २९ तिनीहरू उठे र उहाँलाई सहरबाट बाहिर
निकालिकन जुन पहाड़मा तिनीहरूको सहर बनाइएको थियो, त्यसैको
टाकुरामा लगेर उहाँलाई तलतिर खसालिदिन खोजे। ३० तर उहाँ
तिनीहरूका बीचबाट छिरेर निस्किजानुभयो।", लूका ६:६-११ "अर्को
शबाथमा सभाघरभित्र पसेर उहाँले शिक्षा दिनुभयो। त्यहाँ एक जना
मानिस थियो जसको दाहिने हात सुकेको थियो। ७ उहाँले शबाथमा
निको पार्ने काम गरेको खण्डमा उहाँलाई दोष लगाउने नियतले शास्त्री
र फरिसीहरू उहाँको चेवामा थिए। ८ तर उहाँले तिनीहरूको नियत
थाहा पाउनुभयो, र सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यहाँ आऊ
र खड़ा होऊ।" अनि त्यो उठ्यो, र खड़ा भयो। ९ तब येशूले
तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई सोध्छु, शबाथमा असल गर्नु वा
खराब गर्नु, प्राण बचाउनु वा नाश गर्नु, कुनचाहिँ उचित हो?" १० अनि

उहाँले सबैलाई चारैतिर हेरेर त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले त्यसै गऱ्यो, र त्यसको हात सद्दे भइहाल्यो। ११ तर तिनीहरू रीसले चूर भए, र येशूलाई के गरौं भनी आपसमा मतो गर्न लागे।", लूका १३:१०-१६ "एक शबाथ-दिन कुनै एउटा सभाघरमा उहाँले शिक्षा दिइरहनुभएको थियो। ११ त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा लागेको थियो। त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन सक्दिनथिई। १२ येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ।" १३ तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी। १४ सभाघरका शासक क्रोधित भए, किनकि येशूले शबाथमा निको पार्नुभएको थियो, र तिनले मानिसहरूलाई भने, "काम गर्ने छ दिन छन्। यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-दिनमा होइन।" १५ तर प्रभुले जवाफ दिनुभयो, "कपटी हो! तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर पानी खुवाउन लैजाँदैन? १६ अब्राहामकी यो छोरी जो अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट त्यो मुक्त हुनुपर्ने होइन र?" र लूका १४:१-६ "एक शबाथ उहाँ फरिसीहरूका कुनै एक जना शासकको घरमा खान जानुभयो। फरिसीहरू उहाँको चेवामा बसिरहेका थिए। २ जलग्रह रोगले पीडित एक जना मानिस उहाँको सामुन्ने थियो। ३ येशूले व्यवस्थाका पण्डितहरू र फरिसीहरूलाई सोध्नुभयो, "शबाथमा निको पार्नु उचित छ, कि छैन?" ४ तर तिनीहरू चूप लागिरहे, र उहाँले त्यस रोगीको शरीरमा हात राखी निको पार्नुभयो र त्यसलाई जान दिनुभयो। ५ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसले आफ्नो गोरु वा गधा शबाथ-दिनमा इनारमा खस्यो भने त्यसलाई झट्टै निकाल्दैन?" ६ अनि तिनीहरूले यस कुराको जवाफ दिन सकेनन्।"

**"येशूको आफ्नो चलन वा आदत अनुसार" (लूका ४:१६ रूपान्तरित)। लूकाले मात्र यी शब्दहरू प्रयोग गर्छन्। लूका ४:१४**

नाजरथको सिनिगगमा उहाँ सरिक हुनुहुँदा लूकाले ती शब्दहरू प्रयोग गरेका थिए। येशूलाई क्रुसमा टाँगिने समय नजिक आउँदा उहाँको चलन वा आदत अनुसार जैतुनको डाँडामा जानुभयो।" (रूपान्तरित)। दुबै पल्ट उहाँको "आदत वा चलनको" अर्थ उहाँ प्रार्थना र आराधनाको निम्ति जानुभएको थियो भनेर बुझाउँछ।

जसरी येशू आफ्नो आदत अनुसार नियमित रूपमा प्रत्येक सब्बथ सिनिगगमा जानुभएको थियो भने हामी पनि प्रत्येक सब्बथ चर्चमा जाने बानी किन बसाल्नुपर्छ?

प्रथमतः परमेश्वर सर्बव्यापी हुनुहुन्छ (त्यसको अर्थ उहाँ सबै थोकमा हुनुहुन्छ भन्न खोजेको होइन किनभने प्रकाश ३:२० अनुसार उहाँ त्यससँग हुनुहुन्छ जसले उहाँलाई भित्राउँछ, पशु र पत्थरमा उहाँलाई भित्राउने दिल हुँदैन-अनुवादकको जिज्ञासा)। परमेश्वरलाई जहाँ पनि पुज्न सकिन्छ। तर सृष्टिको समयमा छुट्याइएको र पवित्र पारिएको दिनमा, र उहाँको दश आज्ञा र व्यवस्थामा कोरिएको दिनमा सतसङ्ग गर्न एक निर्देशित स्थानमा भेलाहुँदा त्यहाँ विशेष किसिमको आभास पाइन्छ।

दोस्रोमा, जब सब्बथ दिनमा परमेश्वरका उपासकहरू चर्चमा भेला हुन्छ तब सार्बजनिक रूपमा उहाँ हामीहरूको सृष्टिकर्ता र उद्धारकर्ता हुनुहुन्छ भनेर प्रमाणित गर्न अवसर पाउँछौं।

अन्तमा जब हामी सतसङ्गको निम्ति सब्बथमा भेला हुन्छौं तब हामीहरूमा भएका आनन्द र एक आपसमा देखाइने सरोकारलाई बाँड्ने अबसर पाउँछौं।

सब्बथ दिनमा नियमित रूपमा चर्च जाँदा कतिपयले हामीहरूलाई परम्परावादी तथा पुरानो व्यवस्थालाई पालन गर्ने भनेर अभियोग लगाउँछन्, त्यतिमात्र नभएर हामीहरू व्यवस्थाको दास हौं भनेर हामीहरूको विरुद्धमा क्रिश्चियन भनाउँदाहरूले नै औंल्या ठड्याउँछन्। तर सब्बथ दिनमा ल्याउने आशिषलाई तिनीहरूले गुमाएको तिनीहरूलाई थाहा छैन। सब्बथलाई पालन गर्दा तपाईंमा भएको शान्तपना र स्वतन्त्रताको अनुभव कुनकुन तरिकाले अनुभव गर्नुभएको छ?

## २. सब्बथको सन्देश र त्यसको अर्थ (लूका ४:१७-१९)

**चर्चमा नियमित रूपमा गएर परमेश्वरको आराधना गर्न सब्बथ हामीलाई दिइएको थियो। परमेश्वरको वचन सुन्न पनि सब्बथको अर्थ थियो। परमेश्वरको वचनबिना जिउनु भनेकै पापको फन्दामा आफूलाई नजिकै पारिराख्नु हो। भजनको लेखक दाउदले भनेका थिए "तपाईंको वचन मेरो हृदयमा लुकाइ राखेको छु, ताकि तपाईंको खिलाफमा म पाप नगरूँ" (भजन ११९:११ रूपान्तरित)।**

आज हामी येशूको बारेमा फर्केर हेर्छौं। उहाँ को हुनुहुन्थ्यो र हाम्रो लागि उहाँले के गर्नुभयो भन्ने ज्ञान दुबै ऐतिहासिक र आत्मिक ज्ञान हामीलाई थाहा छ। ती ज्ञान हामीहरूमा भएको सन्दर्भमा लूका ४:१७-१९मा कोरिएका शब्दहरूको अर्थ हामीहरूले कसरी बुझ्ने? के तपाईंले व्यक्तिगत रूपमा येशूको गरिमामय उपस्थितको अनुभव गर्नुभएको छ? हेर्नुहोसः "उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयो: १८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।"

**यशैया ६१:१,२ पल्टाएर पढ्नुभएपछि सिनिगगमा भएको सबै मानिसहरूतिर नजर राख्दै भन्नुभयो "आज तपाईंहरूले सुनिरहेकै बेलामा धर्मशास्त्रमा लेखिएका ती वचनहरू पूरा भएका छन्।" (लूका ४:२१ रूपान्तरित)। "आज" भन्ने प्रयोग गरिएको शब्दलाई विशेष ध्यान दिनुजरुरी छ। पाश्चात्य विदेशी शक्ति रोम तथा अरू शत्रुहरूले रजाईं गरेका र गरिरहेका यहूदी राष्ट्रलाई भविष्यको कुनै समयमा महान् उद्धारकर्ता चक्रबीर राजा आएर ती शत्रुहरूलाई जितेर परमेश्वरको राज्य स्थापना गरेर उहाँ यहूदीहरूको मसीह अर्थात् उद्धारकर्ता हुने तिनीहरूले अपेक्षा गरेका थिए। त्यस राजाले दाउदको सिँहासनलाई आफ्नो पकडमा लिएर राज गर्नेछन् भन्ने भविष्यवाणी पनि ती यहूदीहरूको मनमा**

गुञ्जिरहेको थियो। त्यस परिवेशमा येशूले यो भनिरहनुभएको थियो कि उहाँको व्यक्तित्वमा त्यो राज्य आइसकेको छ, उहाँले पापको शक्तिलाई तोड्नुहुनेछ, शैतानलाई चक्नाचुर पार्नुहुनेछ र मानिसहरूलाई उसको दासत्वबाट स्वतन्त्र गराएर उहाँको राज्यमा सरिक गराउनुहुनेछ।

येशू ख्रीष्ट, मसीह अर्थात् उद्धारकर्ता हुनुभएको दावीमा सब्बथको गरिमालाई कसरी घनिष्टसँग गाँसिएको छ, सो सोच्नुहोस्। सब्बथ विश्रामको दिन हो। त्यो विश्राम येशूमा पाउने हो (हिब्रू ४:१-४)। असली रूपमा सब्बथ स्वतन्त्रताको प्रतिक हो। हामीलाई त्यो स्वतन्त्रता अर्थात् मुक्ति ख्रीष्टमा उपलब्ध गराइएको छ (रोमी ६:६,७)। सब्बथले दुबै परमेश्वरको सृष्टि र ख्रीष्टमा पाइने पुनर्सृष्टिलाई औंल्याउँछ (२ कोरन्थी ५:१७, १ कोरन्थी १५:५१-५३)। धेरै मानिसहरूलाई निको पार्ने र रोगहरूको चेपुमा परेकाहरूलाई स्वतन्त्र पार्ने काम येशूले गर्नुभएकोमा हामीले अनौठो मान्नु पर्दैन।

केवल ढुङ्गाको पाटीमा मात्र कोरिराख्ने नभएर निरन्तरताको रूप दिन सब्बथ दिइएको थियो। येशूले आफ्नो सदाशयता र करुणा देखाउनुभएर हामीलाई के गर्नुभयो भन्ने हर्सैपिछे सम्झना गराउने काम सब्बथको हो।

मुक्ति वा उद्धार विश्वासबाटमात्र पाउँछ भन्ने आत्मज्ञान तपाईंलाई सब्बथले कसरी देखाउँछ? हामीहरूले आफ्नै प्रयासमा स्वर्ग जाने वा मुक्ति पाउने कामबाट राहत दिने येशू ख्रीष्ट नै हुनुहुन्छ भनेर सब्बथ दिनको विश्रामले हामीलाई कसरी बताउँछ?

## ३. सब्बथको दिनमा येशूले कर्पनहुनमा बिरामीहरूलाई निको पार्नुहुन्छ (लूका ४:३१-३७)

आफ्नै गाउँघर नाजरथमा येशूलाई पत्यार गर्नुभएको थिएन। त्यहाँ उहाँलाई तिरस्कार गरिएको थियो। त्यसकारण उहाँ कपर्नहुममा फर्केर जानुभयो। त्यहाँ अघिबाट नै सेवाकार्यको काम गर्नुभएको थियो (मत्ती ४:१३)। गलिलको इलाकामा सेवाकार्य गर्ने कार्यक्रममा प्रख्यात कपर्नहुम शहर येशूको निम्ति "घर" बनेको थियो। त्यस शहरमा यहूदी आराधना भवन सिनिगग थियो। त्यो सिनिगग रोमी हाकिमले बनाएको

हुनसक्छ (लूका ७:५)। येशूको आदत अनुसार सब्बथ दिनमा त्यस सिनिगगमा जानुभएको थियो।

त्यस एक सब्बथमा येशूले धेरै सेवाकार्यका कामहरू गर्नुभएको थियो। मानिसहरूलाई उहाँले आत्मज्ञान सिकाउनुभएको थियो, प्रचारको काम गर्नुभएको थियो र साथै बिमारीहरूलाई निको पार्नुभएको थियो। तर प्रचार गर्ने काममा उहाँले के प्रचार गर्नुभएको थियो भनेर केही पनि उल्लेख गरिएको छैन। तर उहाँले प्रवचन दिनुहुँदा मानिसहरू छक्क परेका थिए: "उहाँले अधिकार पाएको व्यक्तिले जस्तो बोल्नुभएको थियो" (लूका ४:३२)। तत्कालिन यहूदी पण्डितहरूको भन्दा येशूको शिक्षादीक्षा धेरै फरक थियो। आधिकारिक व्यक्ति भएर उहाँले प्रवचन दिनुभएको थियो। उहाँले बाइबलको जगमा आधारित प्रवचन दिनुभएको थियो। पवित्र आत्माको शक्तिले सम्पन्न भएर उहाँले पापलाई पापकै उचित नाउँ दिएर र मानिसहरूलाई त्यसबाट पश्चाताप गरेर परमेश्वरमा फर्कन उहाँले आह्वान गर्नुभएको थियो।

लूका ४:३१-३७मा केही यस्ता प्रभावकारी सत्यहरू देखाइएको छ: जस्तै (सैतान र येशूको बीचमा भइरहेको घमासान द्वन्ध, सैतानका दुष्ट आत्माहरूसँग येशूले देखाउनुभएको अख्तियार, सब्बथको लक्ष्य र दुष्टमाथि परमेश्वरको विजय। हेर्नुहोस्: "३१ उहाँ गालीलको एउटा सहर कफर्नहुममा झर्नुभयो। शबाथ-दिनमा उहाँले तिनीहरूलाई शिक्षा दिँदैहुनुहुन्थ्यो। ३२ तिनीहरू उहाँको शिक्षामा छक्क परे, किनकि उहाँको वचन अधिकारपूर्ण थियो। ३३ सभाघरमा अशुद्ध भूतात्मा लागेको एक जना मानिस थियो, र त्यो चर्को सोरले चिच्च्यायो, ३४ "हे येशू नासरी, तपाईंको हामीहरूसँग के काम? के तपाईं हामीहरूलाई नष्ट गर्न आउनुभएको हो? मलाई थाहा छ, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" ३५ अनि येशूले त्यसलाई हकारेर भन्नुभयो, "चूप लाग्, र त्यसबाट निस्किजा।" त्यस मानिसलाई बीचमा पछारेर त्यसलाई केही हानि नगरिकन त्यो भूतात्मा त्यसबाट निस्केर गयो। ३६ तब तिनीहरू सबै छक्क परे, र आपसमा यसो भने, "यो कस्तो वचन हो? यिनले त अधिकार र शक्तिसित अशुद्ध आत्माहरूलाई आज्ञा गर्दछन्, र ती

निस्किजान्छन्।" ३७ उहाँको चर्चा वरिपरिका मुलुकको हरेक ठाउँमा फिँजियो।"

**सब्बथको दिनमा येशूले बिरामीहरूलाई निको पार्नुभएको पाँचवटा कथाहरू लूकाले लेखेका छन्। त्यसमा लूका ४:३१-४१ पहिलो कथा हो र अरूहरूचाहिँ लूका ४:३८,३९, लूका ६:६-११, लूका १३:१०-१६ र लूका १४:१-६मा छन्। मानिसहरूलाई राहत दिने, बिरामीलाई निको पार्ने, हृदय छिया छिया भएकाहरूलाई पुनर्जीवन दिने र कष्टमा परेकाहरूलाई सहयोग गर्ने आफ्नो लक्ष्य भएको घोषणा नाजरथको सिनिगगमा प्रवचनको दौरानमा येशूले खुलासा गर्नुभएको थियो।जब कपरनुममा आउनुभयो तब उहाँ सब्बथ दिनमा जानुभएको सिनिगगमा खचाखच मानिसहरू थिए। त्यही बेला सैतानको आत्माले ग्रस्त भएको मानिस उहाँको अगाडि घुँडा टेकेर उसबाट त्यस दुष्ट आत्माले उहाँ को हुनुहुन्छ भनेर थाहा दिँदै यस्तो अनुरोध गरे, "हे नाजरथका येशू, तपाईँले मलाई एक्लै छोड्नुहोस्! ...तपाईँ को हुनुहुन्छ भनेर मलाई थाहा छ-तपाईँ परमेश्वरको पवित्र जन हुनुहुन्छ!" (लूका ४:३४ रूपान्तरित)। दुष्ट दैत्य वा मानिसबाट बोलिएको दुष्ट आत्मा स्वर्गबाट झरेका स्वर्गदूतहरूमध्ये एक थियो। हाम्रो मुक्तिदाता मानिसको रूप लिएर आउनुभएको परमेश्वर थियो भनेर तुरन्तै थाहा पाएको थियो। यस कथामा दृष्य र अदृष्य संसारको बीचमा भएको पर्दा च्यातिएको थियो।**

येशू र सैतानको बीचमा भएको महान् विवादलाई कपर्नुममा भएको घट्नाले खुलासा गरेको थियो। प्रायजसो त्यो विवाद स्पष्ट देखिन्दैन। तपाईँकै जीवनमा चलिरहेको त्यो संग्रामलाई कसरी पहिचान गर्न सक्नुहुन्छ? तपाईँको आन्तरिक जीवनमा येशू र सैतानको बीचमा भइरहेको युद्धको बिजेता को भइरहनुभएको छ आश्वास्तको महसुस गरिरहनुभएको छ? हेर्नुहोस् १ कोरन्थी १५:२ "यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको छ, यदि त्यसमा तिमीहरू अटल रह्यौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गर्‍यौ।"

## ४. येशू ख्रीष्ट सब्बथको प्रभु वा स्वामी (लूका ६:१-५)

**येशू र तत्कालिन यहूदी अगुवा, पण्डित वा धर्मगुरूहरूको बीचमा सब्बथको विषयमा लिएर भयङ्कर बादबिवाद भएको थियो। लूकाले त्यस बिवादलाई ६:१-११मा स्पष्ट रूपमा उल्लेख गरेका छन्।**

यहूदी धार्मिक व्यवस्था र सब्बथलाई येशू र उहाँका चेलाहरूले वेवास्ता गरेका थिए भनेर फरिसी वा यहूदी खुरन्धार पण्डितहरूले आरोप लगाएका थिए। तर त्यसको सामना येशूले कसरी गर्नुभयो? हेर्नुहोस्, लूका ६:१-५, "शबाथ-दिनमा उहाँ अन्नको खेतबाट भएर जाँदैहुनुहुन्थ्यो, र उहाँका चेलाहरूले बाली टिपेर हातमा माड्दै खान लागे। २ तर फरिसीहरूमध्ये कुनै-कुनैले तिनीहरूलाई भने, "शबाथ-दिनमा जे गर्नु उचित छैन त्यो तिमीहरू किन गर्दछौ?" ३ येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "के तिमीहरूले यो पनि पढ़ेका छैनौ, दाऊदले जब तिनी आफै र तिनको साथमा हुनेहरू भोकाएका थिए, तब के गरे? ४ कसरी परमेश्वरको घरमा पसेर अर्पण गरिएको रोटी झिकेर तिनले खाए, र तिनीसँग हुनेहरूलाई पनि दिए, जो पूजाहारीहरूलाई बाहेक अरूलाई खान निषेध थियो।" ५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्र शबाथको प्रभु हो।"

**जब खेत हुँदै येशू र उहाँ चेलाहरू जाँदै थिए, त्यसबेला भोकाएका हुनाले चेलाहरूले केही अन्नका दानाहरू बिरुवाबाट टिपे, आफ्नो हातमा राखेर रगडे अनि भुसहरू फालेर त्यस अन्नलाई खाए। फरिसीहरूले येशूका चेलाहरूलाई दोष लगाउन त्यस क्रियाकलापलाई ठूलो निहुँ बनाएका थिए। जे काम चेलाहरूले गरेका थिए त्यसले सब्बथको आज्ञालाई तिनीहरूले सरासर उल्लङ्घन गरे भनेर घोर आपत्ती जनाएका थिए। येशूप्रति तिनीहरूको आक्रमक नीति तथा सब्बथको रीतिलाई बँग्याउने धारणालाई येशूले बाइबल धर्मशास्त्रबाटनै तिनीहरूको सम्मानिनिय राजा दाउदको कथालाई लिएर तिनीहरूको मुख बन्द गरिदिनुभयो। जब राजा सावलबाट भुमिगत भएर भागी भागी हिँड्नुपरेको थियो, दाउद र उनका सहयोगीहरू भोकाएका बेलामा एक दिन मन्दिरभित्र पसी त्यहाँ रहेका पवित्र रोटीलाई खाएका थिए। त्यो रोटी**

पुजारीले बाहेक अरूले खान मनाही थियो। मानिसहरूका नियमहरूलाई पालन गरेर मुक्ति पाउँछ भन्ने ती पण्डितहरूको गलत धारणा र शिक्षालाई त्यस कथालाई स्मरण गराएर सच्याउन खोज्नु भएको थियो। फरिसीहरूले मानिसहरूलाई सब्बथ कसरी पालन गर्नुपर्छ र गर्नुहुन्न भनेर अनेकौं नियम वा रीतिहरू बनाएर लादेका थिए। सब्बथ अत्यन्त उत्सवमय र आनन्दमय हुनुको सट्टा तिनीहरूले धर्म कमाउने बाटो भनेर मानिसहरूलाई अनेकौं गऱ्हौं नियमहरूको भारी बोकाएर सब्बथको उमङ्गलाई धरासयी बनाएका थिए।

लूका ६:६-११को अर्को घट्नामा सब्बथको बारेमा हामीलाई के सिकाउन खोजेको थियो, सो हेर्नुहोस्: "अर्को शबाथमा सभाघरभित्र पसेर उहाँले शिक्षा दिनुभयो। त्यहाँ एक जना मानिस थियो जसको दाहिने हात सुकेको थियो। ७ उहाँले शबाथमा निको पार्ने काम गरेको खण्डमा उहाँलाई दोष लगाउने नियतले शास्त्री र फरिसीहरू उहाँको चेवामा थिए। ८ तर उहाँले तिनीहरूको नियत थाहा पाउनुभयो, र सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यहाँ आऊ र खड़ा होऊ।" अनि त्यो उठ्यो, र खड़ा भयो। ९ तब येशूले तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई सोध्छु, शबाथमा असल गर्नु वा खराब गर्नु, प्राण बचाउनु वा नाश गर्नु, कुनचाहिँ उचित हो?" १० अनि उहाँले सबैलाई चारैतिर हेरेर त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले त्यसै गऱ्यो, र त्यसको हात सद्दे भइहाल्यो। ११ तर तिनीहरू रीसले चूर भए, र येशूलाई के गरौं भनी आपसमा मतो गर्न लागे।"

तिनै जना लेखकहरू मत्ती, मर्कूस र लूकाले त्यस घट्नालाई आफ्ना सुसमाचारका पुस्तकहरूमा उल्लेख गरेका छन्। लूकाले मात्र पक्षाघात भएको मानिसको हात दाहिने थियो भनेर उल्लेख गर्दछन्। चिकित्सक लूकाले बिरामीको बारेमा थप बेहोरा उल्लेख गरेर त्यस मानिसको कष्टलाई देखाएका थिए। दाहिने हातको बेहालले गर्दा दैनिक सामान्य काम गर्न त्यो मानिस असमर्थ थियो भनेर लूकाले भन्न खोजेका थिए। जब येशूले त्यस मानिसलाई निको पार्नुभयो तब घट्नाले दुई कुराहरू स्पष्ट पारेको देखिन्छ। सब्बथ दिनमै बिरामीलाई निको पार्दा

येशूले त्यस दिनको गरिमालाई तोडेका थिए भनेर फरिसीहरूको आरोप सही थियो भनेर प्रमाणित गर्न तिनीहरूले पर्खेको मौका मिलेको थियो। दोस्रोमा येशूले तिनीहरूको नियतलाई बुझेर र तिनीहरूको हृदयलाई छामेर यो स्पष्ट रूपमा देखाउनुभयो कि उहाँ सब्बथको सृजनकर्ता र प्रभु हुनुहुन्छ। सब्बथ दिन भयो भन्दैमा दुःखकष्टमा परेको मानिस वा पापको फन्दामा परेको मानिसलाई राहत दिनबाट उहाँ चुक्नुहुन्न भन्ने स्पष्ट सन्देश उहाँले (ती मानिसभन्दा धर्म ठूलो भन्ने) यहूदी पण्डितहरूलाई सुनाइ दिनुभएको थियो। यथार्थमा येशूले सब्बथको पालनलाई सही नीति देखाउनुभएको थियो। असल काम गर्न र मानिसको जीवनलाई उद्धार गर्न सब्बथको कानुनले अनुमोदन गरेको हामी पाउँछौं।

आफ्नै नीति, रीती वा परम्परालाई सृजना गरेर ती धर्मका गुरूहरूले परमेश्वर कै नीति, रीति वा परम्परा भनेर मानिसहरूलाई झुक्याइरहेको कुरालाई सोच्नुहोस्। परम्परा र मानविय शिक्षाहरूले गर्दा परमेश्वरको गहिरो सत्यलाई नबुझ्न अन्धकारको धरापमा हामीहरू पनि नफस्न कसरी सजग रहने?

## ५. सब्बथः बिरामी मानिस मूल्यवान छ कि, पशु अर्थात् गोंरू र गधा मूल्यवान छन्? (लूका १३:१०-१६)

लूका १३:१०-१६ र लूका १४:१-५मा उल्लेख गरिएका सब्बथमा येशूले चङ्गाइ गर्नुभएको दुई घट्नाहरू केवल लूकाले मात्र लेखेका छन्। अरू सुसमाचारका लेखक मत्ती र मर्कूसले त्यस वर्णनको लेखा राखेका छैनन्। येशूले गर्नुभएको प्रथम् चङ्गाइको कामले यहूदी शभाघर सिनिगगका हाकिमलाई वाक्क पारेको थियो। दोस्रो चङ्गाइमा फरिसी पण्डितहरूको मुख बन्द गरिएको थियो। दुवै घट्नाहरूमा येशूका बैरीहरूले सब्बथलाई गलत अर्थ लगाएर सब्बथको गरिमालाई उहाँले तोड्नुभयो भनेर उहाँको विरोध गरेका थिए।

बाइबलको महत्त्वपूर्ण आत्मज्ञान तथा सत्य वचनहरूलाई मानिसहरूले आफ्नै भाऊ खोज्न आफू सुहाउँदो अर्थ लगाउन कसरी खप्पिस हुनसक्छ भन्ने धर्मगुरू भनाउँदाहरू नै किन नहोस्, तिनीहरूको महत्त्वपूर्ण चालालाई लूकाले देहायका पदहरूले खुलासा गरेका छन्।

हेर्नुहोस्, लूका १३:१०-१७ "एक शबाथ-दिन कुनै एउटा सभाघरमा उहाँले शिक्षा दिइरहनुभएको थियो। ११ त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा लागेको थियो। त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन सक्दिनथिई। १२ येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ।" १३ तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी। १४ सभाघरका शासक क्रोधित भए, किनकि येशूले शबाथमा निको पार्नुभएको थियो, र तिनले मानिसहरूलाई भने, "काम गर्ने छ दिन छन्। यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-दिनमा होइन।" १५ तर प्रभुले जवाफ दिनुभयो, "कपटी हो! तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर पानी खुवाउन लैजाँदैन?१६ अब्राहामकी यो छोरी जो अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट त्यो मुक्त हुनुपर्ने होइन? १७ उहाँले यी कुरा भन्नुभएपछि उहाँका विरोधीहरू सबै शर्ममा परे, तर उहाँले गर्नुभएका सबै महिमामय कामहरूमा मानिसहरू आनन्दित भए।" र लूका १४:१-६ "एक शबाथ उहाँ फरिसीहरूका कुनै एक जना शासकको घरमा खान जानुभयो। फरिसीहरू उहाँको चेवामा बसिरहेका थिए। २ जलग्रह रोगले पीडित एक जना मानिस उहाँको सामुन्ने थियो। ३ येशूले व्यवस्थाका पण्डितहरू र फरिसीहरूलाई सोध्नुभयो, "शबाथमा निको पार्नु उचित छ, कि छैन?४ तर तिनीहरू चूप लागिरहे, र उहाँले त्यस रोगीको शरीरमा हात राखी निको पार्नुभयो र त्यसलाई जान दिनुभयो। ५ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसले आफ्नो गोरु वा गधा शबाथ-दिनमा इनारमा खस्यो भने त्यसलाई झट्टै निकाल्दैन? " ६ अनि तिनीहरूले यस कुराको जवाफ दिन सकेनन्।

**अशक्त तथा अपाङ्ग महिलाको बारेमा सोच्नुहोस्। येशूको समयमा तत्कालिन यहूदी धर्मगुरू तथा मानिसहरूले महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेर्दथे। त्यस असमान लैङ्गिक समाजमा महिलाहरूलाई**

हेयको दृष्टिकोणले हेर्नु अनौठो थिएन। सब्बथ दिनमा उपासनाको निम्ति आएकी महिला १८ वर्षसम्म अपाङ्ग भएकी थिइन्। त्यस्तो लामो समयसम्म अपाङ्ग भएको व्यक्तिले जीवन भनेको बेकार र निराश हो भन्ने सोचमा पर्न गाऱ्हो पर्दैन। यथार्थमा उनको निम्ति उसको धैर्यतालाई जाँच्ने परिक्षाको समय थियो। हुनसक्छ त्यस महिलाले आफूलाई सामन्य पार्न अनेकन् औषधी तथा निको पार्नेमा मानिसहरूकहाँ धाएकी थिइन्। तर आफूलाई त्यस अपाङ्गको बन्धनबाट मुक्त हुन सकेकी थिइनन्। त्यस्तो नाजुक अवस्थामा परेकी महिलाकहाँ येशू आउनुहुन्छ। येशूले उनलाई हेर्नुहुन्छ र उहाँको सामु उनलाई बोलाउनुहुन्छ। उनको रोग निको पार्न सबैको सामु उहाँले त्यस महिलालाई आफ्नो हातलाई उनको कुममा लगाएर सम्बोधन गर्नुहुन्छ र तुरन्तै "उनी सिधा भएर उभिन्" (लूका १३:१३ रूपान्तरित)। अठार वर्षसम्म अपाङ्गको बन्धनमा परेकी महिला अत्यन्त भावविभोर भएर "परमेश्वरको जय होस्" भनेर चिच्याउँछिन्। लूकाले प्रयोग गरेका प्रत्येक क्रियापदले नारीको मूल्य पवित्र आत्माको सामु कतिको ठूलो छ भनेर देखाउँदछ। मानिस जोसुकै होस्, जतिसुकै अरूले हेपोस्, जुनसुकै अवस्थामा किन नहोस् परमेश्वर तथा पवित्र आत्माको सामु ऊ सम्माननिय नै हुन्छ।

दोस्रो अचम्मको काममा (लूका १४:१-६), येशू फरिसी पण्डितको घरमा भोजनको निम्ति निम्ता पाएर जानुभएको थियो। त्यो दिन सब्बथ दिन थियो। त्यहाँ जीउ सुन्निएर कष्ट पाइरहेको मानिसलाई उहाँले निको पार्नुहुन्छ। धर्मका अगुवाहरूलाई उहाँको चेवा गरिरहेका थिए भनेर उहाँलाई थाहा थियो। त्यसकारण उहाँले तिनीहरूको सामु दुई प्रश्नहरू तेर्स्याउनुभयो। पहिलो त व्यवस्थाको लक्ष्यलाई लिएर "के सब्बथ दिनमा निको पार्नु उचित छ?" (पद ३), दोस्रोचाहिँ मानव जीवनको मोल कतिको छ भनेर "तिमीहरूमध्ये आफ्नो गधा वा गोरू खाल्डोमा खस्यो भने त्यसलाई सब्बथ दिनमै पनि बाहिर निकाल्दैनौ र?" (पद ५ रूपान्तरित)।ती धर्मका मतियारहरूको सामु मानव मूल्यको बारेमा येशूले औंल्याउनुभएको मौलिक कुरा अत्यन्त स्पष्ट थियो। तिनीहरू चुपचाप भएकोले येशूले के भन्न खोज्नुभएको थियो सो

तिनीहरूलाई थाहा थियो र त्यसको जवाफ तिनीहरूसँग थिएन भनेर लूकाको विवरणले देखाउँछ। येशूले तिनीहरूको धर्मको नाउँमा ओढेको मुकुन्डो उघारि दिनुभएको थियो। सर्वसाधारणभन्दा आफू पवित्र, चोखो, धर्मी छु भनेर धर्मका पोसाकहरू लगाएर कठित धर्मात्मा बनेर देखाउने तर आफ्नो स्वार्थको निम्ति परमेश्वरको पवित्र व्यवस्था तोड्न पनि पछि नहत्ने खालका प्रवृत्तिहरूको सामु येशू वाक्क हुनुभएको थियो।

## उपसंहार

थप जानकारी "सब्बथ दिनमा पनि हामीलाई आशिष दिन परमेश्वरले आफ्नो हात बाँधेर बस्नुहुन्न। यदि त्यसो गर्नुभयो भने हामी मुर्छा पर्नेछौं र मर्न पनि सक्छौं। त्यसकारण सब्बथ दिनमा पनि मानव कल्याणको निम्ति मानिसले काम गर्न आवश्यक छ। जीवनका अत्यावश्यक कुराहरूको रेखदेख गर्नुपर्छ। बिरामीहरूको हेरचाहा गर्नुपर्छ। अभावमा परेकाहरूको आवश्यकताप्रति संवेदनशील हुनुपर्छ। यदि सब्बथ दिन भयो भन्दैमा आफ्नो पहुँचमा गर्न सक्ने सेवाबाट मानिसको कष्टलाई कम गर्न असफल भयो भने त्यो मानिस दोषी ठहरिनेछ। मानिसकै हितको निम्ति परमेश्वरले पवित्र बिश्रामको दिन बनाउनुभएको थियो। सब्बथ दिनमा करूणा तथा दयाका कामहरू परमेश्वरको सामु स्वीकार्य छ। सब्बथ दिन होस् वा अरू कुनै दिन होस्, उहाँले सृष्टि गर्नुभएको कोही पनि मानिस वा पशु नै किन नहोस्, एक छिन पनि पिडामा परेको उहाँ हेर्न चाहनुहुन्न। दिनको ख्याल नराखी त्यो पिडा हटाइयोस भन्ने परमेश्वरको चाहना छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २०७बाट रूपान्तरित।

"छिमेकी राष्ट्रहरू र यहूदीहरूको बीचमा पूर्णरूपमा अलग राख्ने दर्शनशिक्षा केवल सब्बथमात्र थियो। यहूदीहरू परमेश्वरका विशेष उपासक भएर सबैको सामु शिखर भएर निरन्तररूपमा प्रमाणित गरेर उभिउन् भनेर उहाँले सब्बथ दिनलाई रोज्नुभएको थियो। मानव निर्मित धर्म तथा मूर्तीपूजाबाट अलग राख्ने चिन्ह सब्बथ दिन थियो। तिनीहरूको सम्बन्ध सनातन सृष्टिकर्ता सत परमेश्वरसँग छ भनेर प्रमाण गर्न सब्बथ

दिन दिएको थियो। तर सब्बथ दिनलाई पवित्र राख्न मानिस आफै पनि पवित्र हुनुपर्छ। यदि मानिसहरू इसाई हुँ भनेर दावी गर्छन् भने तिनीहरूको विश्वास तथा आस्थामा, तिनीहरूको सोचविचार र भावनाहरूमा र तिनीहरूको क्रियाकलापमा ख्रीष्टलाई प्रतिबिम्ब गर्नै पर्छ।"- एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २८३बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. येशू र सब्बथको विषयमा लिएर बाइबल अत्यन्त स्पष्ट भएको सराहनीय छ। तर करौडौं इसाईहरू जो चर्चमा जान्छन्, तिनीहरूले भन्छन् कि हप्ताको सातौं दिन सब्बथलाई पवित्र राख्न जरुरी छैन। सब्बथलाई पालन गर्नु परम्परावादी हुनु भनेर तिनीहरूले सोच्दछन् पनि। तर परमेश्वरको वचन पूर्ण रूपमा पालन गर्नु महत्त्व छ भनेर सब्बथको गरिमाले हामीलाई कसरी सिकाउँछ? परमेश्वरको पवित्र व्यवस्थाको त्यस आधारभूत सत्यलाई पन्छाएर करौडौं इसाई हुँ भनेर दावी गर्नेहरू धोकामा किन परिरहेका छन्? त्यस सन्दर्भमा येशूले मर्कूस १३:२२,२३मा दिनुभएको खबरदारीलाई कसरी लिने? हेर्नुहोस्: " किनभने झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू (वा इसाईहरू किनभने प्रत्येक इसाई परमेश्वरको मुखपत्र हुन्) खड़ा हुनेछन्, अनि सम्भव भए, चुनिएकाहरूलाई भ्रममा पार्न तिनीहरूले चिन्हहरू र आश्चर्यका कामहरू गर्नेछन्। २३ तर तिमीहरूचाहिँ होशियार रहो। हेर, मैले तिमीहरूलाई सबै कुरा अघिबाटै भनिदिएकै छु।"

२. सैतानले सब्बथको दर्शन तथा गरिमालाई ध्वस्त पार्न भरमग्दुर प्रयास गरिरहेको सोच्नुहोस्। उनले इस्राएलका धर्मगुरूहरूलाई नै प्रयोग गरेर अनेकौं

बोझहरू मानिसहरूलाई बोकाएका थिए जसले गर्दा सब्बथको महान् सही अर्थलाई ओझेलोमा पारेका थिए। र वर्तमान समयमा पनि उसले चर्चका नामी र धुरन्धार अगुवा तथा विद्वानहरूलाई प्रयोग गरेर सब्बथ प्राचिन समयको निम्ति थियो, यो परम्परावादी नीति हो र यहूदीहरूको निम्तिमात्र दिएको हो भनेर सिकाउन प्रयोग गरेको थियो र गरिरहेको छ। सब्बथमा के यस्तो प्रावधान वा अर्थ छ जसले गर्दा त्यो दिन सैतानले भित्रैदेखि घृणा गर्छ र त्यसको गरिमालाई ध्वस्त बनाउन आफ्ना सबै अस्त्रहरू फ्याँकिरहेको छ?

३. येशू "सब्बथको प्रभु, स्वामी वा सृजनकर्ता" हुनुहुन्छ ( लूका ६:५ रूपान्तरित)। यस वाक्यले येशूका भक्त हौं भनेर दावी गर्नेहरूको निम्ति कस्तो अर्थ हुनुपर्छ? सब्बथप्रति तिनीहरूको धारणा कस्तो हुनुपर्छ?